# इनरुवा नगरकार्यपालिकाको कार्यालय

## इनरुवा, सुनसरी

### समुदायमा आधारित पुनर्स्थापना सहजकर्ता पदका लागि दरखास्त आहान गरिएको सूचना

(प्रकाशित मिति:- २०७७।६।२८)

यस इनरुवा नगरपालिकाले प्रदेश सरकार र करुणा फाउण्डेसन नेपालसँगको साझेदारीमा सञ्चालन गर्न लागेको अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रमको लागि आवश्यक तपसिलको पदमा खुला प्रतिस्पर्धात्मक परीक्षाद्वारा करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकाले आवश्यक न्यूनतम योग्यता पुगेका कुनै बात कसुर नलागेका इच्छुक योग्य नेपाली नागरिकहरुबाट दरखास्त फारम भर्न आहान गरिएको छ। यस पालिकाले तोकेको दरखास्त फारममा भर्नु पर्ने सम्पूर्ण विवरणहरु भरी पासपोर्ट साईजको फोटो २ प्रति टाँस गरी सो का साथ आफ्नो नेपाली नागरिकता र दरखास्त दिने पदका लागि तोकिएको अन्तिम शैक्षिक योग्यताको ट्रान्सकृप्ट, चारित्रिक प्रमाणपत्र, परीक्षा दस्तुर तिरेको बैंक भौचरको अर्धकट्टी तथा नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सो को साथमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र समेत संलग्न गरी इनरुवा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय समक्ष मिति २०७७।७।१२ गते, कार्यालय समय भित्र पेश गर्नु पर्नेछ।

रित नपुगेको, तोकिएको आवश्यक न्यूनतम शैक्षिक योग्यता नभएको र तोकिएको परीक्षा दस्तुर नबुझाएका दरखास्त उपर कुनै कारवाही हुने छैन। साथै, प्रचलित कानून बमोजिम अयोग्य ठहरिने उम्मेद्वारहरुको दरखास्त उपर कुनै कारवाही हुने छैन। झुटा विवरण उल्लेख गरी दरखास्त फारम भरेमा सो को जवाफदेही दरखास्तवाला स्वयं हुनु पर्नेछ।

तपसिल:

१. विज्ञापन नं., पद र माग संख्या:

| सि.नं. | विज्ञापन नं. | पद | माग संख्या |
|---|---|---|---|
| १. | ०२-२०७७/०७८ | समुदायमा आधारित पुनर्स्थापना (सिविआर) सहजकर्ता (खुला) | ०२ |
| २. | ०३-२०७७/०७८ | समुदायमा आधारित पुनर्स्थापना (सिविआर) सहजकर्ता (कोटा - अपाङ्गता भएका व्यक्ति) | ०१ |

२. **सेवाको किसिम:** करार सेवा

३. **आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभव:** (क) मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा अ.न.मी. उत्तिर्ण गरी कार्यानुभव हासिल गरेको,
(ख) कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान भएको,
(ग) स्वास्थ्य र अपाङ्गताको क्षेत्रमा काम गरेको अनुभव भएको।

४. **तलब, सुविधा तथा अन्य सेवा शर्त:** मासिक रु. १५,०००।— (पन्ध्र हजार रुपैया मात्र) र अन्य सेवासुविधा करार सम्झौतामा उल्लेख गरिए बमोजिम।

५. **उम्मेद्वारको उमेर:** (क) महिला र अपाङ्गता भएका व्यक्तिहरुको हकमा दरखास्त दिन अन्तिम मिति (अर्थात मिति २०७७/७/१२) सम्ममा १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको।
(ख) पुरुषको हकमा दरखास्त दिन अन्तिम मिति (अर्थात मिति २०७७/७/१२) सम्ममा १८ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको।

६. **उम्मेद्वारको छनौट विधि:** लिखित, कम्प्युटर सीप परीक्षण तथा प्रत्यक्ष अन्तर्वार्ता।

७. **फारम प्राप्त गर्ने र बुझाउनु पर्ने स्थान:** यस पालिकाको कार्यालयबाट दरखास्त फारम प्राप्त गरी उक्त फारम भरी पालिकाको कार्यालयमा बुझाउनु पर्ने।

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

८. परीक्षा दस्तुरः खुलातर्फ रू.३००।—(तीन सय रुपैयाँ मात्र) र खुलासँगै समावेशी (अपाङ्गता भएको व्यक्तिको लागि मात्र) सिटमा थप रू १००।— (एक सय रूपैयाँ मात्र)

९. परीक्षा दस्तुर बुझाउने प्रकृयाः कार्यालयको राजश्व शाखा वा मा परीक्षा दस्तुर जम्मा गरी दरखास्त फारमसाथ पेश गर्नुपर्नेछ।

१०. दरखास्त फारम भर्ने मितिः मिति २०७७/७/२८ देखी २०७७/७/१२ सम्म।

११. परीक्षा सञ्चालन हुने मिति, समय र स्थानः दरखास्त फारम भर्ने अन्तिम म्याद सकिएको तीनदिन भित्र टेलिफोन गरी जानकारी गराईनेछ। साथै पालिकाको सूचनापाटिमा टाँस गरिनेछ।

१२. पाठ्यक्रमः दरखास्त फारमसँगै प्राप्त गर्न सकिने।

१३. शैक्षिक योग्यता, अनुभव तथा अन्य प्रमाणपत्रहरुका सम्बन्धमा दरखास्त बुझाउने अन्तिम मिति (२०७७/७/१२) सम्म जारी भएकोलाई मात्र मान्यता दिइनेछ।

१४. विशेष ब्यवस्थाः समुदायमा आधारीत पुनर्स्थापना सहजकर्ताहरुको छनौट पश्चात दुई(२) महिनाको समुदायमा आधारित पुनर्स्थापना तालिम हुनेछ ।

१५. आवेदन स्वीकृत/अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार पालिकालाई हुनेछ।

१६. दरखास्त फारम भर्दा आउने अस्पष्टताको सम्बन्धमा यस पालिकाको कार्यालयको टेलिफोन नं. ०३१-५५०५०१६ मा सम्पर्क गरी बुझ्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner